सभाबाट पारित मिति :- २०८२/०३/२७

# विनियोजन ऐन, २०८२

कपिलवस्तु नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तौलिहवा,कपिलवस्तु

# कपिलवस्तु नगरपालिकाको विनियोजन ऐन, २०८२

कपिलवस्तु नगरपालिका, कपिलवस्तु को आर्थिक बर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**सभाबाट स्वीकृत मिति :**

**प्रस्तावना :** कपिलवस्तु नगरपालिका, कपिलवस्तु २०८२।०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम कपिलवस्तु नगरपालिका, कपिलवस्तुको नगर सभाले यो विधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "कपिलवस्तु नगरपालिका, कपिलवस्तुको विनियोजन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८२।०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०८२।०८३ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बितिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम १२३८४०७००० (अक्षेरुपी रुपैयाँ एक अरब तेइस करोड चौरासी लाख सात हजार मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . **<u>विनियोजन :</u>** (१) यस ऐन द्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२।०८३ को निमित्त कपिलवस्तु नगरपालिका, कपिलवस्तुको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) यो ऐन प्रारम्भ भए पश्चात संघीय सरकार,प्रदेश सरकार एवं अन्य निकायबाट प्राप्त हुने शसर्त तथा निशर्त रुपमा हस्तान्तरण हुन सक्ने वित्तिय श्रोतको विनियोजन नगर कार्यपालिकाले गर्न सक्नेछ ।

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# आय व्यय अनुमान

अनुसूची -१

| | | |
|---|---|---|
| १ | आय | ११९८१५९०३१ |
| | राजश्व | २७९९९३०३१ |
| | आन्तरिक श्रोत | २७३९९३०३१ |
| | आफ्नै आन्तरिक श्रोत | ३९०००००० |
| १३४११ | सडक बोर्ड | ६०००००० |
| | **राजश्व बाँडवाडबाट प्राप्त रकम** | २३४९९३०३१ |
| ११४११ | संघिय राजश्व | १४९०३३०३१ |
| ११४५६ | प्रदेश राजश्व | १५९६०००० |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ३५०००००० |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने बिज्ञापन कर | |
| १४१५३ | बाँडफाँडबाट प्राप्त हुनेवन रोयल्टी | |
| १४१५७ | प्राकृतिक श्रोतको बाँडफाड | ३५०००००० |
| | **अन्तर सरकारी वित्तिय हस्तान्तरण** | ९१८१६६००० |
| | **संघिय सरकार** | ५७७६००००० |
| १३३११ | वित्तिय सामानीकरण | १८१७००००० |
| १३३१२ | सघं सशर्त | ३८५५००००० |
| १३३१७ | सघं समपुरक | १०४००००० |
| १३३१५ | सघं विशेष | ० |
| | सामाजिक सुरक्षा कार्यक्रम | ३०२६८१००० |
| | **प्रदेश सरकार** | ३७८८५००० |
| १३३११ | वित्तिय सामानीकरण | १२७७७००० |
| १३३१२ | प्रदेश सशर्त | ११४०८००० |
| १३३१७ | प्रदेश समपुरक | १२०००००० |
| १३३१५ | प्रदेश विशेष | १७०००००० |
| १३३१२ | स्थानीय तह | ० |
| | | |
| २ | व्यय | १२३८४०७००० |
| २.१ | चालु खर्च | १५४५४९००० |
| २.२ | कार्यक्रम तथा पूजिगत खर्च | १०८३८५८००० |
| | बजेट बचत न्युन/ घाटा | **४०२४७९६९** |
| | गत बर्षको नगद मौज्दात | |

कपिलवस्तु नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

क्षेत्रगत व्यय अनुमान

अनुसूची -५

| क्र स | शिर्षक | विनियोजन |
|---|---|---|
| १ | **आर्थिक विकास** | **८५०००००** |
| १.१ | कृषि | ३०००००० |
| १.२ | उधोग | ५००००० |
| १.३ | पर्यटन | १०००००० |
| १.४ | सहकारी | ५००००० |
| १.५ | वित्तिय क्षेत्र | ५००००० |
| १.६ | पशुपक्षि विकास | ३०००००० |
| २ | सामाजिक विकास | **४१६८५००००** |
| २.१ | शिक्षा /युवा तथा खेलकुद | ७०४००००० |
| २.२ | स्वास्थ्य | २५२६९००० |
| २.३ | खानेपानी तथा सरसफाई /वास | **११००००००** |
| २.४ | भाषा संस्कृति | १५००००० |
| २.५ | लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण महिला /सामाजिक विकास/ बालमैत्री | ५५००००० |
| २.६ | पोषण | **५०००००** |
| २.७ | सामाजिक सुरक्षा कार्यक्रम | **३०२६८१०००** |
| ३ | पूर्वाधार विकास | **५१५०००००** |
| ३.१ | यातायात पूर्वाधार | **३८५०००००** |
| ३.२ | भवन आवास तथा सहरी विकास | |
| ३.३ | अन्य पूर्वाधार तथा पुननिर्माण | १३०००००० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | **३००००००००** |
| ४.१ | श्रम तथा रोजगारी सामी/रोजगार प्रवर्धन | ३५००००० |
| ४.२ | शान्ति तथा सुव्यवस्था /छाडा चौपाया | ७०००००० |
| ४.३ | विपत व्यवस्थापन | २०००००० |
| ४.४ | अनुगमन तथा मुल्याङ्कन बजार/ योजना | **४०००००** |
| ४.५ | कानून तथा न्या न्यायिक समिति | १०००००० |
| ४.६ | योजना तर्जुमा र कार्यान्वयन | २०००००० |
| ४.७ | मानव संशाधन क्षमता विकास तालिम | १०००००० |
| ४.८ | प्रशासकिय सुशासन सूचना संचार | १३००००० |
| ४.९ | वातावरण तथा जलबायु | ३००००० |
| ४.१० | शासन प्रणाली उपकरण औजार | १५००००० |
| ४.११ | संसथागत अनुदान | **१००००००००** |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक खर्च | **१५४५४९०००** |

| | | |
|---|---|---|
| ६ | प्रदेश सशर्त | २५१०८००० |
| ७ | सघं सशर्त | ३९५९००००० |
| | वडा विकास कार्याकरम | १५६०००००० |
| | जम्मा | १२३८४०७००० |